# नेपाल राष्ट्र बैंकको विज्ञप्ती

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त गरी सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणहरुबाट संकलन गरेको निक्षेपलाई आवश्यकता अनुसार कर्जा प्रवाह गरी समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्दै आएको व्यहोरा सर्वविदितै छ । यस बैंकले ऐनले प्रदान गरेको अधिकार प्रयोग गरी समग्र बैंक तथा वित्तीय संस्थाहरुको नियमित रुपमा नियमन, सुपरिवेक्षण तथा अनुगमनको माध्यमबाट सर्वसाधारणको बैकिङ्ग प्रणाली प्रतिको विश्वसनीयता अभिबृद्धि गर्दै निक्षेपकर्ताको हितको संरक्षण र सम्वर्धन गर्दै भरपर्दो, गुणस्तरीय बैकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा उपलव्ध गराउँदै आएको छ । हालका दिनहरुमा केही व्यक्तिहरुको समूहले बैंक तथा वित्तीय संस्थामा अभद्र व्यवहार देखाई नारावाजी तथा हुलहुज्जत गरी बैकिङ्ग प्रणालीको अवमूल्यन हुने कार्य भएको र ती कार्यहरु समेत विभिन्न सञ्चार माध्यमहरुमा बैकिङ्ग प्रणाली प्रति नकारात्मक सन्देश प्रवाह हुने गरी समाचार सम्प्रेषण भएको यस्तो कार्यप्रति नेपाल राष्ट्र बैंकको गम्भीर ध्यानाकर्षण भएकोछ । समग्र बैकिङ्ग प्रणालीको संरक्षण र सम्वर्धन गर्दै सर्वसाधारण निक्षेपकर्ता लगायत सरोकारवाला पक्षको हितको संरक्षण गर्ने कार्यलाई यस बैंकले उच्च प्राथमिकता दिइ कार्य गरिरहेको परिप्रेक्षमा बैंक तथा वित्तीय प्रणाली प्रति भ्रामक समाचार सम्प्रेषण नगर्न यस बैंक अनुरोध गर्दछ ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं**